# स्थानीय राजपत्र

मेलम्ची नगरपालिकाद्वारा प्रकाशित

खण्ड १ संख्या ४ २०७५ साल साउन १३ गते

भाग–१

## मेलम्ची नगरपालिका, नगरसभाको सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मेलम्ची नगरपालिकाको नगरसभाले "मेलम्ची नगरपालिकाको बजार अनुगमन ऐन, २०७५" सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# मेलम्ची नगरपालिकाको बजार अनुगमन सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०७५

प्रस्तावना : उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न तथा उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परीमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न तथा व्यापारिक क्रियाकलापको नियमन गर्न बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मेलम्ची नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद –१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "मेलम्ची नगरपालिकाको बजार अनुगमन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "कार्यपालिका" भन्नाले मेलम्ची नगरकार्यपालिका सम्झनु पर्छ ।

(ख) "टोली" भन्नाले दफा ७ बमोजिम गठन भएको बजार अनुगमन टोली सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले मेलम्ची नगरपालिका सम्झनु पर्छ ।

(घ) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ङ) "उपभोक्ता" भन्नाले कुनै उपभोग्य वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(च) "उपभोग्य वस्तु" भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तुको संमिश्रणबाट बनेको पदार्थ

सम्झनु पर्दछ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ्ग, सुगन्ध वा रसायनलाई समेत जनाउँछ ।

(छ) "विक्रेता" भन्नाले वस्तु वा सेवाको उत्पादक, पैठारीकर्ता, थोक वा खुद्रा विक्रेता वा सेवा प्रदायक सम्झनु पर्छ र सो शब्दले होटल, लज, होष्टेल, खाजाघर सञ्चालक आदिलाई समेत जनाउँछ ।

(ज) "समिति" भन्नाले दफा ३ बमोजिमको बजार अनुगमन समिति सम्झनु पर्छ ।

(झ) "सेवा" भन्नाले व्यवसायिक सेवा, संचार सेवा, निर्माण तथा इन्जिनियरिङ सेवा, वितरण सेवा, शिक्षा सेवा, वातावरणीय सेवा, वित्तिय सेवा, स्वास्थ्य र सामाजिक सेवा, पर्यटन सेवा, मनोरञ्जन तथा खेलकुद सेवा, यातायात सेवा लगायतका दस्तुर वा पारिश्रमिक लिई वा नलिई प्रदान गरिने सम्पूर्ण सेवाहरू सम्झनु पर्छ ।

(ञ) "लेवल" भन्नाले उपभोग्य वस्तु वा उपभोग्य वस्तु राखिएको भांडामा लखिएको, छापिएको, इम्बोस्ड गरिएको, समावेश गरिएको वा अन्य विवरणात्मक वस्तु सम्झनु पर्छ ।

(ट) "अनुचित व्यापारिक क्रियाकलाप" भन्नाले कुनैपनि उपभोग्य वस्तु वा सेवाको वास्तविक गुणस्तर, परीमाण, मुल्य, नापतौल, ढांचा वा बनावट आदि ढांटी वा झुक्याई त्यस्तो उपभोग्य वस्तु वा सेवा विक्री वितरण वा प्रदान गर्ने, अन्य व्यक्तिले उत्पादन गरेको उपभोग्य वस्तुको गुणस्तर, परीमाण, मुल्य, नापतौल, ढांचा वा बनावट आदिमा असर पारी विक्री वितरण गर्ने कार्य सम्झनु पर्छ।

## परिच्छेद–२
## बजार अनुगमन समिति

३. बजार अनुगमन समिति : (१) नगरपालिका भित्र रहेका बजारको अनुगमनको लागि एक बजार अनुगमन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) नगरपालिकाको उपप्रमुख –संयोजक

(ख) स्थानीय तहको उद्योग बाणिज्य संघको प्रतिनिधि एक जना –सदस्य

(ग) स्थानीय तहमा उपभोक्ता हित संरक्षण हेर्ने संस्था वा ब्यक्तिहरु मध्येबाट एक जना –सदस्य

(घ) संयोजकले तोकेको अधिकृत –सदस्य सचिव

४. समितिको काम, कर्तब्य र अधिकार : समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) उपभोक्ता हित संरक्षणको लागि बजार अनुगमनको योजना बनाउने,

(ख) अत्यावश्यक बस्तुहरुको माग र आपूर्तिको अवस्था सम्बन्धी तथ्याङ्क संकलन गर्ने,

(ग) बजार अनुगमन सम्बन्धी प्रतिवेदन माथि विश्लेषण गरी आवश्यक निर्देशन दिने,

(च) उपभोक्तको हित संरक्षण गर्न आपूर्ति व्यवस्था र उपभोग्य वस्तु वा सेवाको अनुगमन गर्ने टोलीलाई निर्देशन दिने,

(छ) बजार अनुगमन गर्दा उपभोक्ता हित विपरित कार्य भएको अवस्थामा प्रचलित

कानून बमोजिम कारवाहीको लागि सिफारिश गर्ने ।

५. <u>समितिको बैठक</u> : (१) समितिको बैठक महिनामा कम्तीमा एक पटक बस्नेछ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिका तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यको उपस्थिति भएमा समितिको गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

परिच्छेद –३

<u>बजार अनुगमन सम्बन्धी व्यवस्था</u>

६. <u>उपभोक्ता मैत्री बनाउने</u> : (१) समितिले वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल लगायतका व्यापारिक क्रियाकलापलाई उपभोक्ता मैत्री बनाउन देहाय बमोजिमको व्यवस्था गर्नु पर्नेछः-

(क) गुणस्तरीय उपभोग्य वस्तु तथा सेवाको सहज र सर्वसुलभ आपूर्ति हुने वातावरणको सुनिश्चितता सहित उपभोक्ताको हक र हितको संरक्षण गर्न नियमित र प्रभावकारी बजार अनुगमनको व्यवस्था गर्ने,

(ख) बजार प्रणालीलाई प्रतिस्पर्धी र उपभोक्ता प्रति जिम्मेवार तुल्याउन प्रचलित कानुनको कार्यन्वयनमा जोड दिने,

(ग) उपभोक्ता शिक्षा सम्बन्धी सचेतना र बजार अनुगमनको कार्ययोजना तयार गरी उपभोक्ता हित संरक्षणको विषयलाई विशेष प्राथमिकतामा राख्ने,

(घ) उपभोक्तालाई सचेत र जागरूक तुल्याउन वडा समितिको कार्यालयदेखि नै उपभोक्ता सचेतना लगायतका कार्यक्रमहरु संचालन गर्ने,

(ङ) आफ्नो नगरपालिका अन्तर्गत स्थापित वा संचालित उद्योग व्यवसायको दर्ता, नविकरण, बिल विजक तथा बिक्रीको लागि राखिएका मालवस्तुको नापतौल, गुणस्तर, लेबल, आपूर्ति आदिको अनुगमन गर्ने,

(च) तरकारी, फलफूल, माछा, मासु, मिठाई, डेरी, होटल लगायतका खाद्य वस्तुको बिक्री स्थलको मापदण्ड तोक्ने र छुट्टै फलफूल तथा तरकारी बजार र वधशालाको व्यवस्था गर्ने, गराउने ।

७. बजार अनुगमन टोली गठन : (१) वस्तु वा सेवा व्यवसायको दर्ता, नविकरण, आपुर्ति, मुल्य, नापतौल, गुणस्तर लगायत व्यापारिक क्रियाकलापको नियमित एंव आकस्मिक अनुगमनको लागि एक बजार अनुगमन टोली गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको टोलीमा देहाय बमोजिमका संयोजक तथा सदस्य रहनेछन् :-

(क) नगरपालिका प्रमुखले तोकेको नगर कार्यपालिकाको सदस्य –संयोजक

(ख) अनुगमन हुने सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडासदस्य एक जना -सदस्य

(ग) स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरी) को प्रतिनिधि एक जना –सदस्य

(घ) उपभोक्ता हित संरक्षण संस्थाको प्रतिनिधि एक जना –सदस्य

(ङ) उद्योग वाणिज्य संघको प्रतिनिधि एक जना –सदस्य

(च) संचारकर्मी एक जना –सदस्य

(३) बजार अनुगमन गर्दा जुन विषयको वारेमा अनुगमन गर्ने हो सो विषयसँग सम्बन्धित व्यक्तिलाई समावेश गराउनु पर्ने छ ।

(४) उपदफा (२) बमोजिमको टोलीमा संयोजकले तोकेको नगरपालिकाको कम्तिमा राजपत्र अनंकित प्रथम श्रेणीको कुनै एक कर्मचारी सदस्य सचिव हुनेछ ।

(५) अनुगमन गर्दा टोलीको सुरक्षाको लागि आवश्यक संख्यामा प्रहरी तथा अन्य सहयोगको लागि नगरपालिकाका कर्मचारीहरू टोलीमा समावेश हुनेछन ।

८. <u>टोलीको काम, कर्तव्य र अधिकार</u> : टोलीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको निर्देशन बमोजिम पूर्व कार्य योजना र कार्यतालिका बनाई बजार अनुगमन गर्ने,

(ख) स्वीकृत कार्ययोजना बमोजिम बजार अनुगमन गर्ने र आवश्यकता बमोजिम आकस्मिक वा विशेष अनुगमन गर्ने,

(ग) वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको अनुगमन गर्ने,

(घ) कालोबजारी, एकाधिकार (सिन्डिकेट), मिलीमतोपूर्ण भाउ निर्धारण (कार्टेलिङ्ग), कृतिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैर प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप भए नभएको अनुगमन गर्ने,

(ङ) कुनै वस्तुमा अनुचित व्यापारिक क्रियाकलाप, मिसावट, गुणस्तरहिनता र कम तौल भएको देखिएमा वा भेटिएमा आवश्यकता अनुसार त्यस्ता वस्तु प्रचलित कानून बमोजिम जफत गर्ने, नष्ट गर्ने, कारोवार रोक्का गर्ने वा बन्द गर्ने लगायतका कार्य गर्ने,

(च) समितिको निर्देशन बमोजिमका अन्य कार्य गर्ने ।

९. <u>बजार अनुगमन कार्यविधि</u> : (१) टोलीले बजार अनुगमन गर्दा निम्न विषयमा विशेष ध्यान दिनु पर्नेछ :-

(क) बिक्रेता वा सेवा प्रदायकले नियामक निकायबाट कानुन बमोजिम प्रदान गरिने गरेको व्यवसाय दर्ता प्रमाण–पत्र, स्थायी लेखा नम्बर (प्यान) को प्रमाण–पत्र, खाद्य अनुज्ञा–पत्र, औषधी पसल दर्ता प्रमाण–पत्र लगायतका आवश्यक कागजातहरु लिएको छ, छैन निरीक्षण गर्ने । साथै प्रमाणपत्र नियमिति रुपमा नविकरण भएको नभएको हेर्ने ।

प्रमाणपत्र नलिएको वा नविकरण गरेको नदेखिएमा सात दिन भित्र प्रमाणपत्र लिई वा नविकरण गरी कार्यपालिकाको कार्यालयमा पेश गर्न लिखित निर्देशन दिने,

(ख) बिक्रेता वा सेवा प्रदायकले आफ्नो व्यवसायको साइनबोर्ड राखेको छ, छैन हेर्ने तथा नराखेको भए सात दिनभित्रमा राखी कार्यपालिकाको कार्यालयमा जानकारी दिन लिखित निर्देशन दिने,

(ग) प्रदायकले वस्तुको विक्रि कक्षमा मूल्य सूची राखेको छ, छैन हेर्ने र नराखेको भए सात दिन भित्रमा राखी कार्यपालिकाको कार्यालयलाई सोको जानकारी दिन लिखित निर्देशन दिने,

(घ) माल, वस्तुको परीमाण, मूल्य, गुणस्तर र तौल ठिक छ, छैन हेर्ने,

(ङ) प्याकेजिङ्ग गरिएको वस्तुको लेबलमा उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन तथा उपभोग्य मिति, अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका उल्लेख गरिएको छ, छैन हेर्ने,

(च) औषधि वा औषधियुक्त पदार्थ भए सोको प्याकिङ्गमा प्रयोग गर्ने तरिका उल्लेख छ, छैन हेर्ने तथा औषधिविज्ञ (फार्मासिष्ट) औषधि बिक्री स्थलमा

भए, नभएको एवं औषधि विक्रेता प्रमाणपत्र समेत हेर्ने,

(छ) उपभोग्य मिति नाघेको औषधि, प्रशोधित पानी, विस्कुट, पाउरोटी लगायतका खाद्य तथा उपभोग्य वस्तुहरू फेला परेमा विक्रेताकै खर्चमा नष्ट गर्ने,

(ज) उत्पादन तथा उपभोग्य मिति केरमेट गरेको वा पुनः लेबलिङ्ग वा छपाई गरेको छ, छैन हेर्ने तथा पुनः लेबलिङ्ग वा छपाई गरेको पाईएमा त्यस्तो वस्तु जफत गर्ने, वस्तुको प्रकृति अनुसार नष्ट गर्ने,

(झ) माछामासु, फलफूल, तरकारी, मिठाई पसल, डेरी, होटल, बधशाला वा माछा, मासु विक्रिस्थल सफासुग्घर र मापदण्ड अनुसार छ, छैन हेर्ने र नभएमा कसुरको प्रकृति अनुसार सजग गराउने वा लिखित चेतावनी दिने ।

(ञ) विक्रेता वा क्रेतालाई वस्तुको विलविजक जारी गरेको छ, छैन हेर्ने र विल अनिवार्य गर्न निर्देशन दिने ।

## परिच्छेद–४
## उजुरी सम्बन्धी व्यवस्था

१०. उजुरी दिन सक्ने : (१) कुनै वस्तु वा सेवाको विक्रेता वा प्रदायकले उपभोक्ताको हित विपरित व्यापारिक क्रियाकलाप गरेको भनी कुनै पनि व्यक्तिले बजार अनुगमन समिति वा बजार अनुगमन टोली वा कार्यपालिकाको कार्यालयमा मौखिक वा लिखित सूचना वा उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निकायले सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनालाई समेत उजुरीको रूपमा ग्रहण गर्न सक्ने छ ।

(३) उपदफा (१) वा (२) बमोजिमको उजुरी वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखी आएमा सो लाई समेत उजुरीको रूपमा ग्रहण गरी बजार अनुगमन टोलीले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा विक्रेता वा सेवा प्रदायकले प्रचलित कानुन वा मापदण्ड विपरित व्यापारिक क्रियाकलाप गरेको पाइएमा तत्काल कारोबार बन्द गर्न लगाई प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा कारवाही चलाउन नगरपालिकाले लेखी पठाउनु पर्नेछ ।

## परिच्छेद–५
## अनुगमन सम्बन्धी प्रक्रिया

११. अनुगमनको पूर्व तयारी : अनुगमन टोलीले अनुगमन गर्नु पूर्व देहायको तयारी गर्नु पर्नेछ :-

(क) निरीक्षण वा अनुगमनमा जानु पूर्व अत्यावश्यक वस्तु तथा सेवा मध्ये कुन कुन विषयलाई पहिलो प्रथमिकतामा राख्ने भन्ने किटान गरी विषयसूची तयार गर्नुपर्ने,

(ख) अनुगमनमा जाँदा अनुगमन गरिने वस्तु वा सेवासँग सम्बन्धित ऐन नियमहरू, विवरण र चेकलिस्ट साथै लिइ जानुपर्ने,

(ग) वस्तु तथा सेवाको आपूर्ति, विक्री वितरण, मूल्य, गुणस्तर आदिको बारेमा पर्याप्त सूचना र जानकारी हासिल गर्नुपर्ने,

(घ) अनुगमन वा निरीक्षण गर्न जानु अगावै तालिका बनाई आवश्यक पर्ने साधन सुरक्षा आदिको पूर्व तयारी गर्नुपर्ने ।

१२. बजार अनुगमन गर्ने प्रक्रियाः (१) बजार अनुगमन गर्दा अनुगमनमा खटिइ जाने व्यक्तिले आफ्नो परिचय पत्र देखाई बजार अनुगमन गर्नुपर्नेछ । अनुगमन टोलिका संयोजकले अनुगमनको आवश्यकता बारे जानकारी गराउनु पर्नेछ र सम्बन्धित प्रदायक वा विक्रेताले बिना कुनै अवरोध अनुगमन गर्न दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बजार अनुगमन गर्दा सम्बन्धित प्रदायक, विक्रेता वा अन्य कसैले बाधा बिरोध गरेमा बाधा बिरोध गर्नेलाई प्रचलित कानुन बमोजिम कारवाहीको लागि सम्बन्धित निकायमा अनुरोध गर्न वा लेखी पठाउन सक्नेछ ।

(३) अनुगमन टोलीले बजार अनुगमन गर्दा वस्तु वा सेवाको नमूना संकलन गर्नुपर्ने देखिएमा प्रचलित कानून बमोजिम नमूना संकलन गरी सोको यथार्थ विवरण खुलाई सम्भव भएसम्म सम्बन्धित प्रदायक वा विक्रेताको समेत दस्तखत भएको स्थलगत मुचुल्का बनाउनु पर्नेछ। सम्बन्धित प्रदायक वा विक्रेताले मुचुल्कामा दस्तखत गर्न नमानेमा सोही व्यहोरा जनाई उपस्थित व्यक्तिहरूको रोहवरमा मुचुल्का तयार गरी आवश्यकता अनुसार सिलबन्दी समेत गरी परीक्षणको लागि यथाशीघ्र सम्बन्धित निकायमा नमूना सहित लेखी पठाउनुपर्नेछ ।

(४) टोलीले बजार अनुगमन गर्दा तत्काल केही सुधार गर्नुपर्ने देखेमा सम्बन्धित प्रदायक वा विक्रेतालाई अवधी तोकी स्थलगत लिखित निर्देशन दिई सुधार गर्न लगाउन सक्नेछ ।

(५) टोलीले बजार अनुगमन गर्दा कुनै वस्तु तत्काल नष्ट नगरे जनस्वास्थ्यमा असर पर्ने देखिएमा त्यस्ता वस्तुको नमूना संकलन गरी प्रमाणको रूपमा सुरक्षित राखी अरू प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया पुऱ्याई सम्बन्धित प्रदायक वा विक्रेता र उपस्थित व्यक्तिहरूको रोहवरमा मुचुल्का गरी वातावरणमा असर नपर्ने गरी त्यस्तो वस्तु नष्ट गर्नुपर्नेछ। संकलित नमूना आवश्यकता अनुसार परीक्षणका लागि प्रयोगशालामा पठाउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको जनस्वास्थ्यमा असर पर्ने वस्तु वा अखाद्य वस्तु नष्ट गर्दा लागेको खर्च सम्बन्धित प्रदायक वा विक्रेताले नै व्यहोर्नु पर्नेछ।

१३. <u>कारवाही गरिने</u> : (१) टोलीले बजार अनुगमन गर्दा वस्तु वा सेवा राखेको स्थानको नियमानुसार जाँचबुझ वा खानतलासी गर्न सक्नेछ। खानतलासीबाट वस्तु वा सेवाको विक्री वितरणमा अनुचित वा अनियमित कार्य गरेको पाइएमा आवश्यकता अनुसार त्यस्तो सेवा वा वस्तुको प्रयोग वा बिक्री वितरणमा रोक लगाउन

सक्ने तथा त्यस्ता बस्तु अनुगमन टोलीले कब्जामा लिई प्रचलित कानून बमोजिम कारवाही गर्न सक्नेछ ।

(२) अनुगमन गरिएका माल वस्तुको प्रकृति अनुसार मुचुल्का उठाउनु पर्नेमा मुचुल्का उठाउने, चेकलिष्ट अनुसार भए नभएको हेर्ने र नमूना परीक्षण लिनुपर्ने भएमा प्रचलित कानून बमोजिम मुचुल्का उठाउने तथा नमूना संकलन गर्नुपर्नेछ ।

(३) निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा उपभोग्य वस्तु रोक्का राख्नुपर्ने भएमा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गर्नुपर्नेछ ।

(४) खाद्य प्रशोधन गर्न आवश्यक पर्ने कुनै उपकरण जडान भै कुनै वस्तु वा पदार्थको उत्पादन गरिएकोमा अनुगमन गर्ने निकायले उत्पादन प्रशोधन कानून सम्मत भए नभएको हेरी नभएको भए त्यस्तो स्थानमा सिलवन्दी गर्न सक्नेछ । यसरी सिलबन्दी गरिएकोमा प्रशोधन उद्योगलाई निश्चित समयावधी दिई आवश्यक मापदण्ड पूरा गरी सुधार गर्न समितिले निर्देशन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निर्देशन दिएकोमा उद्योगले सुधारात्मक कार्यहरू गरी सिलबन्दी हटाई पाउँ भनी कार्यपालिकामा निवेदन दिएमा टोलीले बजार अनुगमन गराई सुधार भएको पाइएमा सिलबन्दी हटाई दिन सक्नेछ ।

(७) टोलीले वस्तु वा सेवा क्षेत्रमा अनुचित व्यापारिक क्रियाकलाप, कानूनद्धारा नियन्त्रित वा निषेधित व्यापारिक क्रियाकलाप र एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप भए नभएको विषयमा समेत अनुगमनको क्रममा हेर्नुपर्नेछ ।

(८) टोलीको प्रतिवेदन वा नमूना परीक्षण गर्दा विक्रेताले कानून विपरित गरेको देखिएमा विक्रेता वा प्रदायकलाई प्रचलित कानून बमोजिम आवश्यक कारवाहीको लागि सम्बन्धित निकायमा समितिले लेखी पठाउनेछ ।

१४. जरिवाना गर्न सक्ने : (१) टोलीलाई अनुगमनमा बाधा अवरोध गर्ने तथा यस ऐन बमोजिम टोलीले निर्देशन दिए बमोजिम काम नगरी जानी जानी अटेर गर्ने विक्रेता वा प्रदायकलाई टोलीले बढीमा पाँच हजारसम्म जरिवाना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको जरिवाना वापत प्राप्त हुने रकम स्थानीय सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

१५. चित्त नबुझेमा उजुरी दिन सक्ने : (१) टोलीले गरेको काम कारवाहीमा चित्त नबुझ्ने विक्रेता वा प्रदायकले प्रमुख समक्ष लिखित रुपमा उजुरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उजुरी माथि छानविन गर्न प्रमुखले कुनै एक अधिकृतस्तरको कर्मचारीलाई समयावधि सहित जिम्मेवारी तोक्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको अधिकृतले छानविन गरी सोको प्रतिवेदन प्रमुखसमक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा प्रमुखले आवश्यक निर्णय गर्नेछ ।

## परिच्छेद –६
## आचार संहिता

१६. आचार संहिता पालना गर्नु पर्ने : बजार अनुगमन गर्न जाने टोलीले निम्न बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ :-

(क) अनुगमन टोलीले अनुगमन गर्ने स्थल र अनुगमन गरिने वस्तुको बारेमा सो कार्यमा संलग्न सदस्यहरू बाहेक अरू कसैलाई पनि सो बारेमा पूर्व सूचना वा जानकारी गराउन नहुने,

(ख) अनुगमनमा खटिने व्यक्तिले आफ्नो नातागोता वा स्वार्थ भएको स्थानमा अनुगमन गर्न जानु नहुने,

(ग) अनुगमन कार्यमा संलग्न कुनै पनि सदस्यले अनुगमन गरिने विक्रेता वा प्रदायकबाट कुनै पनि किसिमको चन्दा, दान, दातव्य वा उपहार स्वीकार गर्न नहुने,

(घ) अनुगमन गर्न जाँदा विक्रेता वा प्रदायकहरूले दिएको सुविधा तथा आतिथ्य स्वीकार गर्नु नहुने,

(ङ) कुनै किसिमको प्रलोभन वा मोलाहिजामा पर्नु नहुने,

(च) अनुगमनको कारवाही सम्बन्धी सूचना प्रवाह गर्दा अनुगमन टोलीको नेतृत्व गर्ने व्यक्तिबाट मात्र प्रवाह गर्नुपर्नेछ तथा अनुगमन टोलीमा रहने अन्य सदस्यहरूको जानकारी दिनु नहुने,

(छ) टोलीले बजार अनुगमन गर्दा मर्यादित तरिकाले प्रस्तुत हुनुपर्ने र प्रदायक वा विक्रेताको भण्डारण स्थल वा पसलबाट जथाभावी तरिकाले माल वस्तु लिन नहुने ।

१७. विभागीय कारवाही हुने : टोलीका कुनै सदस्यले अनुगमन सम्बन्धी कार्य गर्दा गोप्यता भङ्ग गर्ने लगायत अन्य कुनै गैरकानूनी काम गरेमा कर्मचारी भए प्रचलित कानून बमोजिम विभागीय कारवाही गर्न र अन्य व्यक्ति भए टोलीबाट हटाई प्रचलित कानून बमोजिम कारबाही गर्न सकिनेछ ।

१८. अवलोकन गर्न सक्ने : उपभोक्ता हकहित संरक्षण कार्यमा संलग्न संस्थाहरु र विभिन्न सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मी प्रतिनिधिहरूले अनुगमन कार्यलाई सहयोग पुग्ने गरी अनुगमन प्रक्रियाको स्थलगत अवलोकन गर्न सक्नेछन् ।

१९. समान जफत, धुल्याउने, नष्ट गर्ने : यस ऐन बमोजिम अनुगमन गर्दा कुनै समान जफत गर्ने, धुल्याउने वा नष्ट गर्ने वा सिलबन्दी गर्नु पर्ने भएमा टोलीले कम्तिमा स्थानीय दुई जना भद्र भलादमी तथा सुरक्षाकर्मीको रोहबरमा मुचुल्का तयार गरी कार्य सम्पन्न गर्नुपर्नेछ ।

## परिच्छेद –७

## विविध

२०. खाजा भत्ता : बजार अनुगमन टोलीमा खटिएका व्यक्तिले बजार अनुगमन गरेको दिनको लागि नगर कार्यपालिकाले तोके बमोजिमको खाजा भत्ता वापतको रकम पाउनेछन् ।

२१. सहयोग गर्नु पर्ने : बजार अनुगमन गर्दा टोलीले सुरक्षा लगायत अन्य आवश्यक सहयोग माग गरेमा त्यस्तो सुरक्षा तथा सहयोग उपलब्ध गराउनु सम्बन्धित निकायको प्रमुखको कर्तव्य हुनेछ ।

२२. असल नियतले गरेका कामको बचाऊ : यस ऐन बमोजिम बजार अनुगमन गर्दा असल नियतले गरेका कामको सम्बन्धमा टोलीका संयोजक तथा सदस्यहरू उपर कुनै कारवाही हुने छैन ।

२३. प्रचलित कानुन बमोजिम हुने : यस ऐनमा भएको व्यवस्था यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२४. प्रतिवेदन : (१) टोलीले बजार अनुगमन गरेको तीन दिनभित्र प्रतिबेदन तयार गरी समितिमा पेश गर्नु पर्नेछ ।

(२) समितिले यस ऐन बमोजिम बजार अनुगमन गरेको विषयको प्रतिवेदन प्रत्येक आर्थिक वर्षको शुरूवातमा नगरकार्यपालिका मार्फत नगरसभामा पेश गर्नु पर्नेछ ।

२५. नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने : यस ऐनको कार्यान्वयन गर्न नगरकार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

प्रमाणिकरण मितिः २०७५ साल साउन १३ गते

आज्ञाले,<br>
देवी प्रसाद थपलिया<br>
प्रमुख प्रशासकीय अधिकृत<br>
मेलम्ची नगरपालिका